# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) सम्बन्धी निर्देशिका, २०८२

प्रस्तावना: मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यहरुलाई योजनावद्ध रुपमा सञ्चालन गरी अपेक्षित परिणाम हाँसिल गर्न नगरपालिका र वडा स्तरमा समितिहरुको गठन गरी परिचालन गर्न वाञ्छनीय भएकोले, माडी नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका तयार गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(१) यस निर्देशिकाको नाम "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) सम्बन्धी निर्देशिका, २०८२" रहेको छ ।

(२) यो निर्देशिका माडी नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले माडी नगरपालिका सम्झनुपर्छ।

(ग) "वडा स्तरीय समिति" भन्नाले दफा ६ बमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

(घ) "नगरस्तरीय समिति" भन्नाले दफा ३ बमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

(ङ) "वडा" भन्नाले माडी नगरपालिकाका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

## परिच्छेद-२
## समितिको गठन र काम कर्तव्य अधिकार

### ३. समितिको गठन सम्बन्धी व्यवस्थाः

(१) नगरपालिकामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यलाई नीतिगत मार्गदर्शन गर्न नगरपालिकाका प्रमुखको प्रत्यक्ष निर्देशनमा रहने गरी देहाय बमोजिम नगरस्तरीय एक समितिको गठन हुनेछ ।

(१) नगर उपप्रमुख - संयोजक

(२) सामाजिक विकास समितिको संयोजक - सदस्य
(३) ईलाका प्रहरी कार्यालयको प्रमुख - सदस्य
(४) नगरपालिका क्षेत्रभित्रका माध्यामिक विद्यालयको ज्येष्ठतम (नियुक्तिको आधारमा) प्रधानाध्यापक - सदस्य
(५) स्वास्थ्य शाखा प्रमुख - सदस्य
(६) शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख - सदस्य
(७) नगर कार्यपालिकाले तोकेको स्थानीय तहमा क्रियाशिल संघ संस्थाको प्रतिनिधि १ जना -सदस्य
(८) मानव बेचविखन पिडितहरु मध्येबाट न.पा. ले मनोनित गरेको १ जना - सदस्य
(९) नगर स्तरीय बाल अधिकार समितिको संयोजक/ प्रतिनिधि - सदस्य
(१०) स्थानीय महिला सञ्जालको १ जना प्रतिनिधि - सदस्य
(११) नगर महिला तथा बालबालिका समिति संयोजक - सदस्य
(१२) वडा सदस्यहरु मध्येबाट नगरपालिकाले मनोनयन गरेको २ जना महिला —सदस्य
(१३) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

(२) नगरपालिका क्षेत्रभित्र मानव बेचबिखन तथा ओसारपसारबाट पीडित वा प्रभावित भएका व्यक्ति मध्ये उपलब्ध भएमा निजको सहमतिले निजलाई अनिवार्य रुपमा सदस्यमा राख्नु पर्नेछ ।

(३) समितिले विषयवस्तुसँग सरोकार राख्ने व्यक्ति, विज्ञ, स्थानीय पत्रकारलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध नगरपालिका स्तरीय नीति, कार्य योजना, कार्यक्रम र बजेट तर्जुमा गरी नगरपालिका समक्ष पेश गर्ने,

(ख) स्वीकृत भएको नीति, कार्य, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ग) मानव वेचविखन तथा ओसारपसार विरुद्ध तालीम सञ्चालन गर्ने तथा जनचेतना अभिवृद्धि गराउने,

(घ) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध राष्ट्रिय प्रदेश र जिल्ला स्तरका समितिसंग समन्वय, सहकार्य र सहयोग आदान प्रदान गर्ने,

(ङ) विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्न तथा निजको सहमतिमा स्वदेश फर्काउन नेपाल सरकार लगायत विभिन्न निकाय समक्ष समन्वय गर्ने,

(च) यस नगरपालिका क्षेत्रमा बेचविखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको नक्सांकन गर्ने र आवश्यकता बमोजिम उद्धार, पुनर्स्थापना तथा पुनः एकिकरण गर्ने,

(छ) उद्धार गरिएका पीडित तथा निजसंग रहेका नाबालकलाई तिनीहरुको पुर्नस्थापना तथा पारिवारिक पुनर्मिलन नहुन्जेल सम्मका लागि सुरक्षा आवासमा राख्ने व्यवस्था गर्ने,

(ज) स्थानीय स्तरमा कुनै पुनर्थापना केन्द्र वा सुरक्षा आवास भएमा सोको अनुगमन गरी अनुसूचि-१ बमोजिमको ढाँचामा नगरपालिका समक्ष प्रतिवेदन दिने,

(झ) जिल्ला समितिले बनाएको नीति र योजनासँग सामञ्जस्यता कायम गरी कार्यक्रमको कार्यान्वयन गर्ने,

(ञ) मानव बेचबिखन तथा ओसारपसारका बिरुद्ध स्वदेशी तथा अन्तर्राष्ट्रिय संघसस्था, सरकारी निकाय, व्यावसायीक संस्था आदिबीच समन्वय गर्ने,

(ट) मानव बेचविखन तथा ओसारपसारसंग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र आवश्यकता अनुसार विभिन्न निकायमा पठाउने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र अन्य संस्था निकायसंग समन्वय गरी बेचबिखन तथा ओसारपसार प्रभावितका लागि राहत कोष स्थापना तथा सञ्चालन गर्ने,

(ड) मानत्र बेचविखन तथा बोसारपसार विरुद्धको वडास्तरीय समितिलाई आवश्यक निर्देशन र सुझाव दिने,

(ढ) नगरपालिकाले समय समयमा तोके बमोजिमका अन्य कार्य गर्ने ।

## ५. बैठक सम्बन्धी कार्यविधिः-

(१) समितिको बैठक प्रत्येक चार महिनामा कम्तिमा एकपटक बस्ने छ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले तोकेको मिति, स्थान र समयमा बस्ने छ।

३) कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ तर निजको अनुपस्थितिमा दफा ३ को उपदफा १ को खण्ड ख मा उल्लेखित सदस्यहरु मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**६. वडा स्तरीय समितिको गठन सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाको प्रत्येक वडामा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धि कार्य गर्न देहाय बमोजिम वडा स्तरीय एक समितिको गठन हुनेछः-

| | |
|---|---|
| १) वडा अध्यक्ष वा समितिले तोकेको वडा सदस्य | - संयोजक |
| २) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख | - सदस्य |
| ३) वडाको माध्यामिक विद्यालयको प्रधानाध्यापक | - सदस्य |
| ४) सम्बन्धित वडामा रहेको प्रहरी चौकी प्रमुख | - सदस्य |
| ५) वडा समितिले तोकेको वडा भित्रका क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना | - सदस्य |
| ६) वडा सदस्यहरु मध्येबाट वडाले मनोनित गरेको १ जना महिला सदस्य | - सदस्य |
| ७) वडामा रहेका महिला समूहको प्रतिनिधि १ जना | - सदस्य |
| ८) वडा समितिले तोकेको बेचविखन तथा ओसारपसार नियन्त्रणमा क्रियाशील संघ संस्थाका प्रतिनिधि २ जना | - सदस्य |
| ९) वडा स्तरीय बाल अधिकार समितिको संयोजक/ प्रतिनिधि | - सदस्य |
| १०) वडा सचिव | - सदस्य सचिव |

(२) वड़ा क्षेत्रभित्र मानव बेचविखन तथा ओसारपसारबाट पीडित वा प्रभावित भएका व्यक्ति उपलब्ध भएमा निजको सहमतिले निजलाई अनिवार्य रुपमा सदस्यमा राख्नु पर्नेछ।

(३) वडा स्तरीय समितिले विषयवस्तुसँग सरोकार राख्ने व्यक्ति, विज्ञ, स्थानीय पत्रकारलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. वडा स्तरीय समितिको काम कर्तव्य र अधिकारः वडा स्तरीय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः-

(क) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी योजना कार्यकारी समिति समक्ष पेश गर्ने र समितिको कार्यान्वयन गर्ने

(ख) मानव बेचविखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने,
(ग) मानत्र बेचविखन तथा ओसारपसार विरुद्ध समन्वय, सहकार्य र सहयोग आदान-प्रदान गर्ने,
(घ) वडा क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको नक्सांकन र आवश्यकता बमोजिम उद्धार गर्ने कार्यमा समितिलाई सहयोग गर्ने,
(ङ) पुनर्स्थापना केन्द्रको अनुगमन गर्न समितिलाई सहयोग गर्ने,
(च) समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने,
(छ) मानव बेचविखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र आवश्यकता अनुसार समितिमा पठाउने, समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्य गर्ने,
(ज) कोषको सञ्चालन गर्न समितिलाई सहयोग गर्ने,
(झ) मानव बेचविखन तथा ओसारपसार विरुद्ध टोल स्तरीय समिति गठन गरी काम, कर्तव्य, अधिकार निर्धारण गर्ने र सो समितिलाई निर्देशन सुझाव दिने,
(ञ) नगरपालिका र समितिले समय समयमा तोके बमोजिमका अन्य कार्य गर्ने।

**८. बैठक सम्बन्धी कार्यविधीः**

(१) वड़ा स्तरीय समितिको बैठक प्रत्येक चार महिनामा कम्तिमा एकपटक बस्ने छ।
(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, स्थान र समयमा बस्नेछ।
(३) कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्याहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक सँख्या पुगेको मानिने छ।
(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ तर निजको अनुपस्थितिमा वड़ा सदस्यहरु मध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।
(५) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ३

## कोष सम्बन्धी व्यवस्था

**९ समितिको कोषः** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमकाः रकमहरू रहनेछन्-
(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम,

ख। स्वदेशी व्यक्ति, सघ सस्था वा निकायबाट प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट अनुदान स्वरुप प्राप्त रकम

(घ) अन्य स्रोतवाट प्राप्त रकम ।

(२) समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) समितिको कोषमा रहेको रकम कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोषको सञ्चालन नगरपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

१०. लेखा र लेखा परीक्षणः (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

११. बैठक भत्ताः समिति र वडास्तरीय समितिका सदस्यहरूले बैठकमा भाग लिए बापत प्रचलित नियमानुसार बैठक भत्ता पाउनेछन्।

## परिच्छेद ४
## विविध

**१२.** बार्षिक प्रतिवेदन पेश गर्ने वडा स्तरीय समितिले वर्षभरिमा आफूले गरेको काम कारवाहीको प्रतिवेदन समिति समक्ष र समितिले नगरपालिका समक्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्नुपर्नेछ ।

**१३. अधिकार प्रत्यायोजनः** समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्षले, सदस्य, सदस्य-सचिव वा नगरपालिकाको कुनै कर्मचारीलाई निर्णय गराई प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. निर्देशन दिनेः** नगरपालिकाले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**१५. संशोधन गर्न सकिनेः** यस निर्देशिकालाई नगरपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

**१६. बाधा अड्काउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आई परेमा नगर पालिकाका प्रमुखको सहमतिमा समितिले फुकाउन सक्नेछ।

**१७. प्रचालित कानून बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेख गरिएका व्यवस्थाहरु संघीय र प्रदेश कानुनसँग वाझिएको खण्डमा बाझिएको हदसम्म संविधान र प्रचलित कानुन बमोजिम हुनेछ ।

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति ( गठन तथा परिचालन) सम्बन्धी निर्देशिका, २०८२**

**अनुसूची-१**

(दफा ४ को खण्ड छ सँग सम्बन्धित)

पुनर्स्थापना केन्द्र/ सुरक्षा आवासको अनुगमन प्रतिवेदन

मानव बेचविखन तथा बेचबिखन विरुद्धको समितिको मिति........................................ निर्णयानुसार म/हामीलाई देहायको पुनर्स्थापना केन्द्रको अनुगमन गर्न खटाइएकोमा सो वमोजिम अनुगमन गरी देहायको प्रतिवेदन पेश गरेको छु/छौ।

१ पुनर्स्थापना केन्द्रको नाम र ठेगाना

२ पुनर्स्थापना केन्द्रमा रहेका पीडितहरुको संख्या

(क) बालक

(ख) बालिका

(ग) महिला

(घ) अन्य

३. प्रचलित कानून बमोजिमको मापदण्डको पालनाको स्थितिः

(क)

(ख)

(ग)

४. पुनर्स्थापना केन्दलाई यस अधि दिइएका निर्देशनको पालनाको स्थिति

५. अन्य आवश्यक कुराहरु

राय सुझाव

अनुगमनकर्ताको

नाम, थरः

पदः

हस्ताक्षरः

मितिः

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति ( गठन तथा परिचालन) सम्बन्धी निर्देशिका, २०८२

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत